सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल
माननीय न्यायाधीश श्री श्रीकान्त पौडेल

**आदेश**

०८३-RE-००९३

विषय- बेरितको आदेश बदर गरी पाउँ।

हिमालयन रि-इनस्योरेन्स लिमिटेडका संचालक रोहित गुप्ता .................................निवेदक

विरुद्ध

नेपाल सरकार.........................................................................................................प्रत्यर्थी

**मुद्दाः- सम्पत्ति शुद्धिकरण।**

**विशेष अदालत, काठमाडौं,**

प्रस्तुत निवेदन प्रतिवेदन सहितको मिसिल कागजात अध्ययन गरी निवेदक प्रतिवादी रोहित गुप्ताको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री राधेश्याम अधिकारी तथा विद्वान अधिवक्ताहरू श्री रमण कुमार कर्ण, श्री तिलक विक्रम पाण्डे, श्री शार्दुल थापा र अधिवक्ता समिर शर्मा र विपक्षी वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान नायव महान्यायाधिवक्ता श्री संजिवराज रेग्मी तथा विद्वान उपन्यायाधिवक्ता श्री दशरथ पंगेनीले गर्नुभएको बहससमेत सुनियो।

यसमा, निवेदक प्रतिवादी रोहित गुप्ता वारदातको समयमा हिमालयन रि-इन्स्योरेन्स कम्पनीको संचालक समितिको सदस्य रहेको र निजले व्यक्तिगत रुपमा रु. ५२,५०,००,०००।– स्टक नं. ५५ को भृकुटी ब्रोकरलाई उपलब्ध गराएको भन्नेमा विवाद रहेको देखिएन। निज संचालक समिति सदस्य रहेको हिमालयन रि-इन्स्योरेन्स कम्पनी लिमिटेडको संस्थागत निर्णयबाट रु. २,७३,३३,१५,१६०।०५ स्टक नं. ५५ भृकुटी ब्रोकिङ स्टक कम्पनीमा भुक्तानी गरेकोमा

पनि विवाद रहेको नदेखिएको, उक्त रकमहरु के कारणले उक्त स्टक नं. ५५ मा गएको हो र त्यसको TMS प्रणाली मार्फत किन कारोवार नभएको भन्ने स्पष्ट खुलेको पाइदैंन। उल्लिखित हिमालयन रि-इन्स्योरेन्स कम्पनीमा इन्फिनिटी कम्पनी लिमिटेड समेतको लगानी रहेको र अभियोगपत्रमा उक्त स्टक नं. ५५ मा जम्मा गरिएको रकम इन्फिनिटी कम्पनी लिमिटेडको भुक्तानी फरफारकमा प्रयोग गरी बिमाको दोश्रो बजारमा विचलन ल्याउने उद्देश्यले यस्तो कार्य गरेको भन्ने अभियोग दावी देखिन्छ। यी निवेदक प्रतिवादीले हाले आफुले हिमालयन रि-इन्स्योरेन्सबाट राजिनामा दिएको भनी दावी लिएको देखिएतापनि व्यक्तिगत र संस्थागत रुपमा स्टक नं. ५५ मा गएको रकम अन्य कुनै प्रतिवादी वा कम्पनी मार्फत इन्स्योरेन्स तथा रि-इन्स्योरेन्स कम्पनीको दोश्रो शेयर बजारमा प्रभाव पर्न सक्ने मिसिल संलग्न प्रमाणहरुले देखाईरहेको अवस्थामा यी प्रतिवादीको कसूर गर्ने मनसाय र कार्य भए नभएको भन्ने सम्बन्धमा अन्तिम निर्णय हुँदा विचार गरिने नै देखिंदा माथि उल्लिखित तत्काल प्राप्त प्रमाणका आधारमा यस प्रकारको आर्थिक कसूरहरुमा यी प्रतिवादीको संलग्नताको तह र हद हेर्दा थुनामा नै राखी मुद्दाको कारवाही गर्नुपर्ने अवस्था रहेको नदेखिंदा तथा सोही हिमालयन रि-इन्स्योरेन्स कम्पनीका अध्यक्ष शेखर गोल्छा र अर्का संचालक समितिका सदस्य शुभेच्छा खरेल मुद्दा पुर्पक्षका लागि धरौटी तारेखमा छुटेको देखिँदा यी प्रतिवादीलाई मुद्दा पुर्पक्षका लागि थुनामा राख्ने त्यस अदालतको मिति २०८३।०४।२८ को आदेश वेरितको देखिंदा बदर गरिदिएको छ। अब, प्रतिवादीको कसूरमा संलग्नता, कसूरको प्रकृति र गम्भीरता समेतका आधारमा विशेष अदालत ऐन, २०५९ को दफा ७ (घ) बमोजिम प्रतिवादी रोहित गुप्ताले रु. २,००,००,०००।— (दुई करोड रुपैयाँ) धरौट जमानत वा बैंक जमानत दिए लिई तारेखमा राखी मुद्दाको पूर्पक्ष गर्नुहोला। बुझाउन नसके कानून बमोजिम गर्नुहोला।

न्यायाधीश

न्यायाधीश

इति सम्वत २०८३ साल भदौ महिना १७ गते रोज ४ शुभम् ---------------------------।